गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/१०/०५

# उपभोक्ता समिति वा लाभग्राही समुहबाट योजना सन्चालन निर्देशिका, २०७४

## मालिका गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## अर्खावाङ्ग गुल्मी

# उपभोक्ता समिति वा लाभग्राही समूदायबाट योजना संचालन सम्बन्धी कार्यविध २०७४

प्रस्तावना :

मालिका गाउँपालिका अन्तर्गत संचालित योजना तथा आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने प्रक्रियालाइ व्यवस्थित, पारदर्शी, अनुमानयोग्य, गुणस्तरीय बनाउन बाञ्छनीय भएकोले सार्वजिनक खरिद ऐन र नियमावलीको प्रावधान सँग प्रतिकुल नहुने गरी स्थानीय सरकार सन्चालय ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मालिका गाउँ कार्यपालिकाबाट यो कार्यबिधि जारी गरिएको छ ।

१. सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को अधिनमा रही रु. १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदाबाट गराउन वा प्राप्त गर्न सकिनेछ।

२. बुँदा नं. १ मा उल्लिखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टीजेन्सी रकम र जनसहभागीताको अंश समेतको रकम समावेश हुनेछ।

३. बुँदा नं. १ को प्रयोजनको लागि सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समिति वा समूदाय आफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्नेछ।

४. बुँदा नं. ३ बमोजिम प्रस्ताव वा निवेदन प्राप्त भएपछि गाउँपालिका र त्यस्तो उपभोक्ता समिति वा लाभग्रही समूदायले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नुपर्नेछ। त्यस्तो सम्झौतामा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ।

क) निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति र लाभग्रही समूदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि।

ख) साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यको प्रत्येक कार्य इकाइमा उपभोक्ता समिति वा लाभग्राही समूदायले गर्नुपर्ने योगदान।

ग) सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण गुणस्तर नियन्त्रण गर्ने विषय।

घ) निर्माण कार्य वा सेवा सार्वजनिक निकाय र उपभोक्ता समिति वा लाभग्राहीको सहभागीतामा सम्पन्न वा उपलब्ध हुने विषय।

ङ) सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्ने।

च) सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई उपलब्ध गराइने पेश्की रकम ।

छ) सम्पन्न निर्माण कार्य वा सेवाको भुक्तानीको शर्त र तरिका र

ज) अन्य आवश्यक कुरा।

५. उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर , ओभरहेड कन्टीजेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेछ।

६. आयोजनाहरु संचालन गर्न पेश्की दिने कार्यलाई निरुत्साहित गरिनेछ तर गाउँपालिकाले आवश्यकता देखेमा बूँदा नं. ४ बमोजिम खरिद सम्झौता रकमको बढीमा एक तिहाइ रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सक्नेछ। त्यसरी दिएको पेश्की रकम अर्को किस्ता भुक्तानी गर्नु अघि फर्छ्यौट गरी सक्नुपर्नेछ।

७. उपभोक्ता समिति वा लाभग्रही समूदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन विल भरर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकमा अनुमोदन गराइ गाउँपालिकामा पेश गर्नुपर्नेछ।

८. उपभोक्ता समिति वा लाभग्राही समूदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्वजनिक रुपमा टाँस गर्नुपर्नेछ र आफुले गरेका काम कारबाहीको सम्बन्धमा सार्वजनिक सुनावाई तथा सामाजिक लेखापरिक्षण गर्नुपर्नेछ

९. गाउँपालिकाले उपभोक्तामा समिति वा लाभग्राही समूदायलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आफैले करारमा नियुक्त गउर्न सक्नेछ।त्यसरी नियुक्त गरिएको प्राविधकलाइ दिनुपर्ने पारिश्रमिक सार्वजनिक निकायले कट्टा गरेको कन्टीजेन्सीबाट गरी भुक्तानी गर्नुपर्नेछ।तर त्यस्तो पारिश्रमिक लागत अनुमानको 3 प्रतिशत भन्दा बढी हुने छैन।

१०. उपभोक्ता समिति वा लाभग्रही समूदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिसन, डिस्ट्रिव्युटर विटुमिन, व्वाइलर जस्ता हेभी मेसीनहरु उपयोग गर्न सकिने छैन।तर लागत अनुमान तयार गर्दा को समयमा हेभी मेसीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट सहमति लिइ त्यस्तो मेसीन प्रयोग गर्न सकिनेछ।

११. उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरबाट काम गराउन सकिने छैन। कुनै कारणबाश सो समिति वा समूदाय आँफैले समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना गाउँपालिकालाई दिनुपर्नेछ। यसरी सुचना प्राप्त भएपछि गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो समिति वा समूदायसँग भएको सम्झौता तोडी बाँकी काम प्रचलित ऐन तथा नियमावली बमोजिम गराउनु पर्नेछ। उपभोक्ता समिति वा लाभग्राही समूदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा गाउँपालिकाले उक्त उपभोक्ता समिति वा लाभग्राही समूदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समूदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्नेछ।

१२. उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि गाउँपालिकाले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराइ त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागीताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेछ। गाउँपालिकाले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नेछ।

१३. उपभोक्ता समिति वा लाभग्राही समूदायले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित उपभोक्ता समितिले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह अशुल उपर गर्नुपर्नेछ ।

१४. उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजनाहरुको कार्य सम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ।यसरी आयोजना हस्तान्तरण भएमा गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र संचालनको व्यवस्था गर्न सक्नेछ।यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना संचालन कार्यबिधि तयार गरी गाउँपालिकाबाट स्वीकृत गरी लागु गर्न सकिनेछ।

**१५. उपभोक्ता समिति गठन गर्दा देहाय बमोजिमको प्रकृया पुरा गर्नुपर्नेछ।**

क. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्तो घर परिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ। उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

ख गाउँपालिका वा वडा समितिमा बहालवाला पदाधिकारी, राजनितिक दलको प्रतिनिधिको रुपमा गाउँपालिकाको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फर्छ्यौट नगरेको व्यक्ति, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन बर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ती हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन्।

ग. उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला हुनुपर्नेछ।उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुको साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ।

घ. एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एक सगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन।

ङ. उपभोक्ता समिति गठन गर्दा वडा समितिको अध्यक्ष वा सदस्य तथा गाउँपालिकाले तोकेको कर्मचारीको रहोबरमा गर्नुपर्नेछ।यसरी उपभोक्ता समिति गठन गरे पश्चात सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

च. प्रचलित ऐन नियम प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाइ समेत कारबाही हुनेछ।

छ. उपभोक्ता समिति सर्वसम्मत तरिकाले गठन हुनुपर्नेछ।सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएको कर्मचारीले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनुपर्नेछ।

ज. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने स्वीकृत योजनाहरुको लागि उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना संचालन गर्न सकिनेछ।

१६. स्थानीय निकायले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ। यसरी नगद सहभागीता तोकेको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्उनुपर्ने सहभागीता बापतको रकम सम्बन्धित गाउँपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेछ।नगद सहभागीता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा स्थानीय निकायले योजना सम्झौता गरी निर्धारण गरे बमोजिमको जनसहभागीता

बराबरको काम गरेको प्राबिधिक मुल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि गाउपालिकाले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नु पर्नेछ।लागत सहभागीता नभएको कुनै पनि योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्न पाइने छैन।

१७. यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत बर्षमा वा यसै आर्थिक बर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आर्थिक बर्षको अन्त्यमा काम भइसकेको देखाइ पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन। उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ।

१८. तोकीएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाइ अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाइ लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिइ कालो सूचीमा राखी कारबाही गर्नुको अतिरिक्त सम्बन्धित प्राबिधिकलाइ समेत कारबाही गर्नुपर्नेछ ।

१९. गाउँपालिकाले उपभोक्ता समितिको काम कर्तब्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामाग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपुर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिका अध्यक्ष्य सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम संचालन गर्नुपर्नेछ।

२०. उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ।खाता संचालकहरुको तीनपूस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ। उपभोक्ता समितिको गठन र यसको बैठकको निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ। तीन लाख भन्दा कम बजेट विनियोजन भएको आयोजनाहरु को खाता अध्यक्ष र सचिव वा कोषाध्यक्षको संयुक्त दस्तखतबाट पनि संचालन गर्न सकिनेछ।

२१. उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ।सम्बन्धित निकायबाट कुनैपनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने इकाइ वा संघसंस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरिक्षण गर्न सक्नेछ।

२२. उपभोक्ता समितिले आफ्नो खाताबाट पच्चिस हजार भन्दा बढी आर्थिक कारोबार गर्दा सम्भव भए सम्म बैक वा वित्तीय संस्था मार्फत गर्नुपर्नेछ।

२३. सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह सामुदायिक संस्था कार्यक्रम वा आयोजना संचालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी संचालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ।

२४. उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रबिधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

२५. श्रममूलक प्रबिधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराइ सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तान गरेको रकम मुल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह अशुल उपर गर्नुपर्नेछ।

२६. आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक र वित्तीय प्रगति प्रतिवेदन तोकीएको ढाँचामा सम्झौतामा तोकीए बमोजिमको समयमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

२७. गाउँपालिकाले आयोजना संचालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति संस्था एवं गैर सरकारी संघसंस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपनर्नेछ।

२८. उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडी गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानुन, कार्यबिधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकीन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताको लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ।

२९. उपभोक्ता समितिले कार्यक्रम संचालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य गाउँपालिकाको तर्फबाट तोकीएको प्राबिधिकले तयार गरेको लागत अनुमान तथा प्राबिधिक सल्लाहको अधिनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ।

३०. उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्नेछ, बैठकबाट भएको निर्णय गाउँपालिकालाई जानकारी गराउने आयोजना संचालन संरक्षण र मर्मत सम्भार गर्ने आफुले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सम्पुर्ण खर्चहरुको बील भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति विवरण गाउँपालिकामा उपलब्ध गराउने कामको फरफारक गराउनु अघि समिक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाइ बैठकमा राखी छलफल गराउने यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपी सम्बन्धित गाउँपालिकामा प्रस्तुत गर्ने आदी कार्य सम्पादन गर्नुपर्नेछ।

३१. उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थलमा लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परिक्षण गरेको प्रतिवेदन गाउँपालिकामा प्रस्तुत गर्नुपर्दछ।

३२. उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा संचालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ। यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ।

३३. उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको हुनेछ ।

३४. उपभोक्ता समितिले कामको लागि लिइएको नियमानुसार पेश्की रकम फर्छ्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मुल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपी समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ। यस विवरण को आधारमा अघिल्लो कीस्ताको पेश्की फर्छ्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही बराबरको रकम उपलब्ध गराइनेछ।उपभोक्ता समिति स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपउर्नेछ।

३५. उपभोक्ता समितिलेः कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहको प्रतिनिधिको रहोबरमा सार्वजनिक परिक्षण गराउनु पर्नेछ। फरफारकको लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ। अन्तिम भुक्तानी दिँदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष सचिव र कोषाध्यक्षको दस्तखत गराइ सम्बन्धित फाइलमा समावेश गर्नुपर्नेछ।

३६. उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत संचालन गरिने तालिम गोष्ठी सेमिनार अभिमुखीकरण कार्यक्रम कार्यशाला जस्ता कार्यक्रमको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित

उपलब्धी कार्यक्रमा सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका कार्यक्रमममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी कार्यक्रम संचालन गर्दाको अवस्थाको तस्वीरहरु सहित आर्थिक प्रशासन नियम बमोजिमको अन्य बील भरपाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेर्दनका आधारमा गर्नुपर्नेछ।

३७. उपभोक्ता समितिले आयोजनाहरु संचालन गर्दा तोकीए बमोजिमको गुणस्तर कायम गर्ने उगराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समिति तथा निर्वाचित जनप्रतिनिधहरुको हुनेछ।

३८. अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाउँ कार्यपालिकाको निर्णय बमोजिम बार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिनेछ।

३९. अनुगमन, मुल्याङ्कन तथा सहजीकरण सम्बन्धी व्यवस्थाः

(क) उपभोक्ता समितिबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन तथा सहजीकरण गर्न एक अनुगमन तथा सहजीकरण समिति रहनेछ।उक्त समितिमा सम्भव भएसम्म सबै पक्षको समेत प्रतिनिधित्व हुने गरी कम्तिमा २ जना महिला सहित लाभग्राही समुदायबाट ५ जनाको प्रतिनिधित्व हुनेछ।

ख) खण्ड (क) बमोजिमको समिति उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ।कार्यक्रम वा आयोजनाको अन्तिम भूकतानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस आव श्यक पर्नेछ।

(ग) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्न सहयोग गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ।

(घ) अनुगमन तथा सहजीकरण समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानीको र फरफारकको निम्ति सफारिस नगरेको कारणबाट प्रचलित कानुन बमोजिम भए गरेको कार्यको भुक्तानी दिन फरफारक गराउने लगायतका थप कार्यहरु अगाडी बढाउन बाधा परेको मानिने छैन।

(ङ) गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचर संहिता निर्धारण गर्न सक्नेछ। यस्तो व्यवस्था आयोजना सम्झौता फारममा उल्लेख गर्नुपर्नेछ।

(च) कुनै पनि वडामा संचालित योजनाको सम्बन्धित वडा समितिले अनुगमन र मुल्याङ्कन गर्नेछ। तोकीए बमोजिम काम नभए काम गराउन र कामको गुणस्तरीयता कायम गर्न वडा समितिले आवश्यक निर्देशन दिन सक्नेछ। वडामा सञ्चालित योजनाहरुको काम सम्पन्न भएको वडा समितिको सिफारिस बिना कुनैपनि योजनाको भुक्तानी दिइने छैन।

(ज) गाउँ कार्यपालिकाले अनुगमनको लागि छुट्टै समिति गठन गरी अनुगमन र मुल्याङ्कनको व्यवस्था गर्न सक्नेछ। उक्त समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र गाउँपालिकाको सम्बन्धित शाखा बाट प्राप्त गरी आयोजनाको लेखाजोखा गर्ने, आयोजना सञ्चाचालन बाट स्थानीय जनतालाई पुगेको सुबिधा, सेवाको गुणस्तर, सेवा बृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना संचालनको क्रममा देखा परेको बाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले स्थानीय तहसँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम आयोजना संचालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुको साथै योजनाको अनुगमन तथा मुल्याङ्कन गरी योजना कार्यान्वयनमा गर्नुपर्ने नीतिगत सुधार र

योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि आवश्यक निर्देशन दिने र योजना कार्यान्वयनमा विभिन्न निकाय बिच समन्वयकारी भूमिका समेत निर्वाह गर्नेछ।

(झ) अनुगमन सम्बन्धी थप व्यवस्थाः गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषमा प्राप्त बजेटबाट संचालित कुनैपनि योजना तथा आयोजनाहरु कुनैपनि बेला अनुगमन र मुल्याङ्कन गर्न सक्नेछ। यसरी अनुगमनको क्रममा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधकृतले दिएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ।

४०. यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ। यस अघि उपभोक्ता समिति मार्फत संचालन भइ चालु रहेका वा सम्पन्न भइ भुक्तानी भइ सकेका योजनाहरु समेत यसै कार्यविधि बमोजिम भएको/गरेको मानिनेछ।

गाउँ कार्यपालिकाबाट स्विकत मितिः २०७४/ १० / ०५ गते